आज मिति २०८३/०१/१८ गतेका दिन बिहान ८:३० बजे यस नेत्रावती डबजोङ गाउँपालिकाका अध्यक्ष श्री मेघनाथ रिजाल ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाका तपसिल बमोजिम सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्नानुसारको प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

| उपस्थितिः | |
|---|---|
| अध्यक्ष | मेघनाथ रिजाल |
| उपाध्यक्ष | सितामाया गुरुङ |
| सदस्य | ठाकुर गुरुङ |
| सदस्य | मिन बहादुर तामाङ |
| सदस्य | सुरेश गुरुङ |
| सदस्य | हरि अधिकारी |
| का. वडा अध्यक्ष | बुद्वराम तामाङ |
| सदस्य | सितामाया घले |
| सदस्य | भावना तामाङ |
| सदस्य | कमला तामाङ गुरुङ |
| सदस्य | शेर बहादुर घले |
| सदस्य | ज्योती सुनार |
| सदस्य | सन्तमाया गुरुङ |
| सदस्य सचिव | सन्देश प्रसाद जोशी |

| अन्य उपस्थितिः | |
|---|---|
| अधिकृत छैठौं | ज्ञानेन्द्रराज दाहाल |
| लेखापाल | अनिता खवास |
| कम्प्युटर अ. | सुधिर कुमार साह |

प्रस्ताव तथा निर्णयहरु:-

प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २: प्रविधि हस्तान्तरण सम्बन्धमा ।

प्रस्ताव नं. ३: अपुग रकमको भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. ४: औषधी उपचार सहायता सम्बन्धमा ।

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नेत्रावती डबजोङ गाउँपालिकाबाट यसअघी भएको कार्यपालिका बैठकहरुको निर्णयहरुको कार्यान्वयन अवस्थामाथि छलफल तथा समिक्षा गरियो ।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा बागमती प्रदेश सरकारबाट दलित समुदायका व्यक्तिका लागि सिपमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रम शीर्षकमा सशर्तस्वरुप विनियोजित बजेट रकम रु.५००००० । बांट यस गाउँपालिकाभित्रका ५ वटै वडाहरुमा रु१ लाखको दरले वडाहरुबाट प्राप्त सिफारिसबमोजिम दलित व्यक्तिहरुलाई सामाग्री हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेत्रावती डबजोङ गाउँपालिका साविक मार्पाक गाविसमा मिति २०८३।०१।१३ गतेबाट संचालित २ महिने सिलाई कटाई तालिममा अपुग हुने रकमको भुक्तानी सत्रौं गाउँसभाबाट स्वीकृत नारी दिवश शीर्षकबाट दिने निर्णय गरियो ।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेत्रावती डबजोङ गाउँपालिका वडा नं ४ को ना. प्र. नं ४४०८८ को अमर बहादुर तामाङको दुवै मृगौला बिग्रीएको हुँदा औषधि उपचार सहायता स्वरुप रु २५ हजार उपलब्ध गराउने निर्णय गरियो ।